# रत्ननगर राजपत्र

रत्ननगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः २ मितिः २०८१/०३/२५

भाग १

**रत्ननगर नगरपालिका**

**नगर कार्यपालिका कार्यालयको सुचना**

# बिनियोजन ऐन

## २०८१/०८२

रत्ननगर नगरपालिका

# विनियोजन ऐन २०८१

रत्ननगर नगरपालिका, चितवनको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१

नगरसभामा पेश भएको मितिः२०८१।०३।१०

नगरसभाबाट पारित भएको मितिः २०८१।०३।१६

**प्रस्तावनाः** रत्ननगर नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम रत्ननगर नगरपालिकाको पन्ध्रौ नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "रत्ननगर नगरपालिका, चितवनको विनियोजन ऐन,२०८१" रहेको छ ।

(२) यो ऐन २०८१ श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१)आर्थिक वर्ष २०८१/८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.१,४९,१५,७५,७२३.७५ (अक्षेरुपी रुपैयाँ एक अर्ब उनन्चास करोड पन्ध्र लाख पचहत्तर हजार सात सय तेइस पैसा पचहत्तर मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ **विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२को निमित्त रत्ननगर नगरपालिका, चितवनको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो

शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ वा त्यसपछि हुने नगरसभाबाट अनुमोदन गर्नु पर्नेछ ।

## अनुसूची-१

( दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | २४०८०० | ३९९२४५ | ० | ६४००४५ |
| २ | | वडा समिति | ७७७९६ | ७९४५१ | ० | १५७२४७ |
| ३ | | बिषयगत शाखा | ५४५३६७ | १३२०६० | ० | ६७७४२७ |
| ५ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | १६८५६ | १६८५६ |
| ६ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | |
| | | **कूल जम्मा** | ८६३९६३ | ६१०७५६ | १६८५६ | १४९१५७५ |

**आज्ञाले**

**सुकदेव लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**